"विकास सम्वृद्धि र सुशासन, डुडुवा गाउँपालिकाको अभियान"

# डुडुवा गाउँपालिका

## चौधौ गाउँसभा

## **नीति तथा कार्यक्रम  र बजेट**

२०८०आषाढ ०८ गते

नरेन्द्र कुमार चौधरी

गाउँपालिका, अध्यक्ष

एवं

चौधौ गाउँसभा-अध्यक्ष

डुडुवा गाउँपालिका

बनकट्टी-बाँके

डुडुवा गाउँपालिकाको चौधौं गाउँसभामा प्रस्तुत
आ.व. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट
२०८० आषाढ ८ गते

गाउँपालिकाका उपाध्यक्ष ज्यू ।
गाउँसभाका सदस्य ज्यू हरु ।
गाउँसभाका सचिव ज्यू ।
आमन्त्रित पर्यवेक्षक एवं सल्लाहकार ज्यूहरु ।
एवं उपस्थित सम्पूर्ण अतिथि, कर्मचारी, पत्रकार एवं सुरक्षाकर्मी मित्रहरु ।
सम्मानित यस चौधौं गाउँसभामा यहाँहरुको गरिमामय उपस्थितीको लागि धन्यवाद ज्ञापनसहित हार्दिक स्वागत गर्दछु ।

नेपालको विभिन्न लोकतान्त्रिक आन्दोलन र नेपालको राष्ट्रियता, स्वाधिनता र भौगोलिक अखण्डता रक्षाको लागी आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।
जनताको संघर्ष र बलिदानीबाट प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाका उपलब्धीलाई आम जनताको घरदैलो सम्म सहज, सरल र गुणस्तरीय रुपमा पुर्‍याउनका लागी डुडुवा गाउँपालिकाका जनताले हामीलाई अत्यन्त ठुलो विश्वास र भरोसाका साथ जिम्मेवारी सुम्पिनु भएको छ । यो आशा र भरोसालाइ हामीले सेवा, सुविधा र अवसरमा आम जनताको पहुँच सुनिस्चितता गरि विश्वासमा बदल्नु पर्ने चुनौती र कर्तव्य हाम्रा सामु छ ।

चालु आ.ब. २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रम, लक्ष्य, उद्धेश्य, प्राथमिकता तथा आधारहरु निम्न अनुसार सम्मानित गाउँसभा समक्ष पेश गर्दछु ।

लक्ष्यः- डुडुवा गाउँपालिकाको स्रोत साधानहरुलाई समुचित सदुपयोग र परिचालन गरी कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, रोजगारी र गरिबीलाई न्युनिकरण गरी डुडुवाबासीको जनजीवन सहज, सरल र गुणस्तरीय बनाउने ।

उद्धेश्यः

- पशुस्वास्थ्य लगायतका किसानमैत्री सेवाहरु सहज , सरल र निःशुल्क रुपमा जनताको घरदैलोमा उपलब्ध गराउने ।
- जनस्वास्थ्य सेवालाई आम नागरिकको पहुँच योग्य बनाउने ।
- दिगो विकास मैत्री र विपत व्यवस्थापन हुने गरी बजेट तर्जुमा र कार्यान्वयन गर्ने ।
- लक्षित समूह विकास कार्यक्रम मार्फत महिला, बालबालिका ,जेष्ठ नागरिक, दलित, जनजाति, मधेशी, मुस्लिम, पिछाडवर्ग र सिमान्तकृत वर्गको सामाजिक सुरक्षा र सामाजिक न्याय सहितका कार्यक्रम मार्फत विकासका मूल प्रवाहमा समावेश गर्ने ।
- कृषि विकास , रोजगारमूलक/आयमूलक कार्यक्रम मार्फत बेरोजगारी र गरिबी न्यूनिकरण गर्ने ।
- व्यवसायिक, सिपमूलक र नैतिकतामा आधारित शिक्षा मार्फत ज्ञान सिपकला र साँस्कृतिको जगेर्ना गर्ने र दक्ष जिम्मेवार र अनुसाशित जनशक्तिको उत्पादन गर्ने ।

- सरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमा स्थानिय विकासलाई दिगो वातावरण मैत्री र प्रभावकारी बनाउन साझेदारी र सहभागिता मूलक विकासमा जोड दिने ।

**यस नीति तथा कार्यक्रमका तर्जुमाका अधारहरु निम्न अनुसार छन् :**

- डुडुवा गाउँपालिकाको बृहत्तर चाहना, खुशी र जनहित
- नेपालको संबिधान २०७२ का निर्देशक सिद्धान्त र नीतिहरु स्थानीय सरकार संचालन ऐन २०७४
- स्रोत अनुमान समिति र राजस्व परामर्श समितिको प्राथमिकता, नीति र बजेट सीमा
- बस्तीस्तर/वडास्तरका योजना छनौट
- विषयगत र अन्य समितिका निर्णय, सल्लाह र नीतिगत सुझाव
- संघिय सरकार/लुम्बिनी प्रदेश सरकारका बजेटको लक्ष्य, सीमा र प्राथमिकताहरु

अब म आगामी आ.व. २०८०।०८१ को यस गाउँपालिकाका महत्वपूर्ण नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।

**नीति तथा कार्यक्रम :**

१. डुडुवा-४ शाहपूर्वामा गाउँपालिका स्तरीय १५ शैय्याको अस्पताल निर्माण, गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूतिका लागि बेतहनी स्वास्थ्य चौकीमा चिकित्सक सहितको जेष्ठ नागरिक अस्पताल सञ्चालन पूर्वाधार तथा उपकरणको समेत व्यवस्था भईसकेको हुदाँ अगामी आ ब देखि संचालनमा ल्याईने छ ।

२. कन्या मुद्दती शिक्षा योजना, संस्कृत भाषा, अवधी भाषा र उर्दु भाषाको संरक्षण र संवर्द्धनको लागि मातृभाषाका गुरु/शिक्षक/सहजकर्ता मार्फत मातृभाषाको संरक्षण र विकासमा जोड दिईनेछ । साथै एस.ई.ई उत्तीर्ण डुडुवा गाउँपालिकाका सबै छात्राहरुलाई प्रति छात्रा एउटा साइकल प्रदान गरी थप अध्ययनको लागि प्रोत्साहित कार्यक्रमलाई निरन्तरता दिएको छ ।

३. बाल उद्यानको स्थापना, तलाउ तथा पोखरीको संरक्षण, पिकनिक स्पटको निर्माण, राप्ती नदी र डुडुवा खोलामा डुंगा तथा ऱ्याफ्टिङ्ग संचालन तथा प्राचिन मठ, मन्दिर, गुम्वा, चर्च ,मस्जिद एवं गुरुद्वाराहरुको संरक्षण, मर्मत संभार तथा पुर्ननिर्माण गरी पर्यटकीय क्षेत्रहरुका विकासमा आवश्यक बजेटको व्यवस्था गरीनेछ ।

४. राप्ती नदी किनारमा स्नान घर र आर्यघाट व्यवस्थित रूपमा संचालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गरीनेछ ।

५. आवधिक योजना, क्षेत्रगत योजना, रणनीतिक योजना र गुरु योजना कार्यान्वयन मार्फत गाउँपालिकाको समग्र विकासमा जोड दिईने छ ।

६. घरघरमा डुडुवा सरकारको अवधारणा कार्यान्वयन गर्न घर घर स्वास्थ्य कार्यक्रम, जेष्ठ नागरीकसँग गाउँपालिका अध्यक्ष कार्यक्रम, घरघर पशुसेवा कार्यक्रम, वडा वडामा प्रयोगाशाला सुविधा, टोलटोलमा घटनादर्ता अभियान र मालपोत संकलन अभियानलाई निरन्तरता दिईनेछ ।

७. 'ग' र 'घ' वर्गका अशक्त अपांगहरुलाई त्रैमासिक रुपमा दिईदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।

८. गाउँपालिकाको नवनिर्मित प्रशासनिक भवनबाट सेवा प्रावाहलाई सहज, सूचना प्रविधि मैत्री, अशक्त मैत्री र सेवाग्राहीमैत्री सेवा प्रदान गरिने छ ।

९. भूमिहिन सुकुमबासी तथा अब्यवस्थित बस्तीलाई प्रचालित भूमिऐन बमोजिम कार्य प्रक्रिया अगाडी बढाउने ।

१०. बाढी र डुवानको उच्च जोखिममा रहेको वस्तीहरुमा तटबन्धनको व्यवस्था गरिनेछ ।

११. डुडुवा गाउँपालिक वडा नं –६ महाउत टोलमा ७०० मे .ट. क्षमताको कोल्ड स्टोर निर्माण चालु आ.व. मै सम्पन्न गरि किसानहरुको आलु विउ भण्डारण र तरकारी तथा फलफूल भण्डारण आत्मनिर्भरमा बनाईनेछ ।

१२. गाउपलिका भित्र रहेका विद्यालयहरुलाई अनुगमन गरी कार्यसम्पादनका आधारमा प्रोत्साहन गरिने छ साथै चालु आ.ब.मा गाउपलिका स्तरीय क्याम्पस स्थापनाको लागी संघ तथा प्रदेश सरकारको सहकार्यमा आवस्यक पहल गर्दै यस गाउपालिकामा क्याम्पस स्थापना गरिने छ । साथै डुडुवामा रहेका सबै सामुदायिक बिद्यालयहरु र बालविकास केन्द्रहरुमा अग्रेजी माध्यमबाट पाठपाठन सिकाई कार्यमा जोड दिनेछ ।

१३. प्रयोगशाला नभएका वडाहरु वडा नं १, ३ र ४ मा क्रमशः प्रयोगशाला स्थापना गरिनेछ र न्यूनतम दरमा सवै डुडुवावासीहरुलाई वडास्तरमा स्वास्थ्य परिक्षणको पहुचमा वृद्दि गरिनेछ ।

१४. कृषि बालीमा लाग्ने रोग किरा नियन्त्रण गर्न आवश्यक विषादी निःशुल्क रुपमा वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

१५. कृषिको उत्पादन क्षेत्र विस्तार गर्न अन्य निकायसमेतको सहकार्यमा सिंचित क्षेत्रमा विस्तार गरिनेछ ।

१६. पशुरोग निदानका लागी  पशु उपचार सेवा, प्रयोगशाला सेवा, खोप तथा परिजिवी नियन्त्रण सेवालाई थप प्रभावकारी बनाईनेछ ।

१७. उन्नत पशु स्रोत केन्द्रको विकास गर्न कृत्रि गर्भाधान कार्यक्रमबाट नश्ल सुधार गरि कृषकको आम्दानीमा वृद्धि गरिनेछ ।

१८. डुडुवा-२ मा स्थापना भएको बिउ भण्डारण तथा प्रशोधन केन्द्रलाई संचालनमा ल्याई कृषकहरुले उत्पादन गरेका बीउ प्रशोधन गरि बाह्य बजारमा निर्यात गरिने छ । साथै गाउँपालिकालाई बीउ आत्मनिर्भर बनाईने छ ।

१९. संस्थागत सक्षमता स्वमुल्यांकनमा यस गा.पा. विगत २ बर्षदेखि उत्कृष्ट अंकका साथ प्रथम स्थानमा रहन सफल भएकोमा सो स्थान कायमै राखि प्रदेश र राष्ट्रियस्तरमा समेत अग्रस्थान कायम गर्न गा.पा.ले पुरा गर्नुपर्ने निम्न लिखित थप योजना र कार्यक्रम बनाई लागु गरिनेछ ।

२०. बेतहनी स्वास्थ्य चौकीलाई स्तरवृद्धि गरि १० शैयाको सामुदायिक अस्पतालमा परिणत गर्न संघिय/प्रदेश सरकार संग समन्वय गरि सामुदायिक अस्पतालको स्थापना गरिने छ ।

२१. सामुदायिक अस्पतालमा राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम लागू गर्न बिमा कम्पनी संग सहकार्य गरि बिमा सेवा कार्यक्रम लागु गरिने छ ।

उपस्थित सभा सदस्य ज्यूहरु

आ.ब. २०८०/०८१ को प्रस्तावित आय व्याय , बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।